# पूर्वखोला राजपत्र

पूर्वखोला गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ५, पूर्वखोला, मितिः २०७८/०५/२८, संख्याः ९

## भाग–२

## पूर्वखोला गाउँपालिका

## कार्यविधिको नाम : पूर्वखोला गाउँपालिकाको शैक्षिक अनुदान कार्यविधि, २०७८

गाउँ कार्यपालिकाबाट पारित मितिः २०७८/०५/२४

**प्रस्तावनाः**

नेपालको संविधान बमोजिम माध्यमिक तहको शिक्षाको अधिकार स्थानीय तहलाई प्राप्त भएकोमा यस गाउँपालिका भित्र रहेका सामुदायिक कलेज तथा विद्यालयहरुको शैक्षिक गुणस्तर बृद्धि, भौतिक निर्णाण तथा मर्मत, मानव श्रोत परिचालनका लागि आवश्यक अनुदानको व्यवस्था गर्न स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२ ज) को अधिकार प्रयोग गरी पूर्वखोला गाउँपालिका गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस कार्यविधिको नाम "पूर्वखोला गाउँपालिकाको शैक्षिक अनुदान कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकावाट स्वीकृत भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(१) **"गाउँपालिका"** भन्नाले पूर्वखोला गाउँपालिका सम्झनु पर्दछ।

(२) **"गाउँ कार्यपालिका"** भन्नाले पूर्वखोला गाउँ कार्यपालिका सम्झनु पर्दछ।

(३) **"कलेज" भन्नाले** पूर्वखोला गाउँपालिका भित्र संचालित सामुदायिक कलेज सम्झनु पर्छ।

(४) **"सामुदायिक क्याम्पस"** भन्नाले यस पूर्वखोला गाउँपालिका भित्र सञ्चालित समुदायको पहलमा खोलिएको, नाफा कमाउने उद्देश्य नरहेको र नेपाल सरकार, प्रदेश सरकार पूर्वखोला गाउँपालिकाबाट अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त क्याम्पस सम्झनु पर्छ।

(५) **"उच्च शिक्षा"** भन्नाले माध्यमिक शिक्षा कक्षा १२ उत्तीर्ण पश्चात लिइने शिक्षा सम्झनु पर्छ।

(६) **"उप-प्रध्यापक"** भन्नाले सामुदायिक कलेजमा अध्यापनरत कलेज सञ्चालक समितिबाट नियुक्त गरिएको शिक्षक सम्झनु पर्दछ।

(७) **"स्थायी उप-प्रध्यापक"** भन्नाले सामुदायिक कलेजमा अध्यापनरत कलेज सञ्चालक समितिबाट नियम संगत

ढंगले स्थायी गरिएका वा स्थायी भनी नियुक्त गरिएको पूर्णकालिन शिक्षक सम्झनु पर्दछ।

(८) **"अस्थायी उप-प्रध्यापक"** भन्नाले सामुदायिक कलेजमा अध्यापनरत कलेज सञ्चालक समितिबाट नियम संगत ढंगले अस्थायी भनी नियुक्त गरिएका पूर्णकालिन शिक्षक सम्झनु पर्दछ।

(९) **"कर्मचारी"** भन्नाले कलेज तथा विद्यालयमा कार्यरत नेपाल सरकार, वि.व्य.स. तथा संचालक समितिबाट नियुक्त गरिएका कार्यलय सहयोगि, लेखापाल तथा अन्य प्रशासनिक काम गर्ने व्यक्ति सम्झनु पर्दछ।

(१०) **"समिति"** भन्नाले कलेज संचालक समिति,विद्यालय व्यवस्थापन समितिभन्ने बुझिन्छ।

(११) **"कलेज प्रमुख"** भन्नाले कलेज संचालक समितिबाट प्रशासनिक काम गर्ने गरी नियुक्त गरिएको उप प्रध्यापक/ शिक्षक सम्झनु पर्दछ।

(१२) **"प्रधानाध्यापक"** भन्नाले विद्यालयको प्रशासनीक काम गर्ने गरी नियुक्त गरिएको शिक्षक सम्झनु पर्दछ।

(१३) **"सामुदायिक विद्यालय"** भन्नाले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट नियमित अनुदान पाउने गरी अनुमति वा स्वीकृती प्राप्त विद्यालय सम्झनु पर्दछ।

(१४) **"शिक्षक"**भन्नाले सामुदायिक विद्यालयको अध्यापक सम्झनु पर्दछ । जुन शब्दले विद्यालय प्रधानाध्यापकलाई समेत बुझाउँछ।

(१५) **"माध्यमिक विद्यालय"** भन्नाले बालकक्षा देखि कक्षा १२ सम्मको शिक्षा दिइने विद्यालय सम्झनु पर्दछ।

(१६) **"आधारभूत विद्यालय"** भन्नाले बालकक्षा देखि कक्षा ३ वा कक्षा ५ वा कक्षा ८ सम्म सञ्चालित विद्यालय बुझाउँछ।

(१७) **"अनुदान" भन्नाले** पूर्वखोला गाउँपालिकाले शैक्षिक क्षेत्रमा उपलब्ध गराउने आर्थिक सहयोग सम्झनु पर्दछ।

(१८) **"विद्यालय समायोजन" भन्नाले** पूर्वखोला गाउँपालिकाले संस्थागत विद्यालयलाई सामूदायीक विद्यालयमा गाभ्ने भन्ने बुझाउँछ । सो शब्दले समायोजनको लागि आवश्यक आर्थिक सहयोग समेतलाई बुझाउँछ।

## परिच्छेद–२
## उद्देश्य

३. **कार्यविधिको उद्देश्य**: यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ।

क. पूर्वखोला गाउँपालिका भित्र रहेका कलेज तथा सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर तथा भौतिक पूर्वाधार विकासका लागि आवश्यक अनुदान उपलब्ध गराउने।

ख. अनुदान कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउने।

ग. शैक्षिक तथा भौतिकरुपमा समस्या परेका विद्यालयहरुलाई सहयोग पुऱ्याउने।

घ. कलेज तथा विद्यालयहरुमा उपयुक्त शैक्षिक वातावरण कायम गर्न मद्धत गर्ने।

## परिच्छेद–३
## अनुदानका शीर्षकहरु

४. **पूर्वखोला गाउँपालिकाले** यस गाउँपालिका भित्रका कलेज तथा सामुदायिक विद्यालयहरुलाई नेपाल सरकारबाट प्राप्त हुने नियमित र सशर्त अनुदान तथा कार्यक्रम बाहेक तल उल्लेखित शीर्षकहरुमा अनुदान सहयोग उपलब्ध गर्न सक्ने छ।

क. कलेज तथा विद्यालय भवन निर्माण तथा मर्मत सुधार सहयोग अनुदान

ख. निजीश्रोत शिक्षक तलवभत्ता तथा पोशाक सहयोग अनुदान

ग. विद्यार्थी पोशाक सहयोग अनुदान

घ. शैक्षिक तथा खेलकूद सामग्री निर्माण तथा व्यवस्थापन सहयोग अनुदान

ङ. गरिव तथा जेहन्दार विद्यार्थी छात्रवृत्ति एवम् प्रोत्साहन सहयोग अनुदान

च. विद्यालय समायोजन सहयोग अनुदान

छ. विद्यालयको लागि आवश्यक जग्गा खरिद सहयोग अनुदान

ज. शैक्षिक गुणस्तर बृद्धि, भौतिक निर्णाण तथा मर्मत, मानव श्रोत परिचालनका लागि आवश्यक अन्य सहयोग अनुदान

झ. सट्टा शिक्षक वा शिक्षक काज सहयोग अनुदान

ञ. अभिभावक विहिन बालबालिका शिक्षाअनुदान

## परिच्छेद ४
## अनुदान वितरण कार्यविधि

**५.** **परिच्छेद ३ (४)** क का लागि अनुगमन समितिले कलेज तथा विद्यालयको स्थलगत अनुगमन गरी आवश्यकता र औचित्यका आधारमा शिक्षा समितिको सिफारिस तथा गाउँकार्यपालिकाको निर्णय अनुसार आवश्यक रकम उपलब्ध गराउन सक्नेछ।

**६.** **परिच्छेद ३ (४)** ख का लागि कलेज तथा विद्यालयमा कार्यरत निजिश्रोत शिक्षक संख्या, दरबन्दीमा कार्यरत शिक्षक संख्या, संचालित कार्यक्रम, तह, कक्षा तथा तोकिएको विद्यार्थी संख्याको आधारमा निज निजिश्रोतमा कार्यरत शिक्षकलाई नियमानुसार अनुदान रकम गाउँपालिकाले अनुदान स्वरुप कलेज तथा विद्यालयलाई उपलब्ध गराउन सक्नेछ।

७. **सामुदायिक सिकाइ केन्द्र** सहजकर्ता, बाल विकास सहजकर्ता, विद्यालयमा कार्यरत कार्यालय सहयोगी तथा सहायकका (लेखा सहायक) लागि प्रोत्साहन अनुदान उपलब्ध गराउन सक्नेछ।

८. **गाउँपालिकाको अनुदानमा कलेज** तथा विद्यालयमा कार्यरत शिक्षक, बाल विकास सहजकर्ता तथा विद्यालयमा कार्यरत कार्यालय सहयोगी तथा सहायक र सामुदायिक सिकाइ केन्द्र सहजकर्तालाई प्राप्त हुने तलव तथा प्रोत्साहन चाडपर्व खर्च उपलब्ध गराउन सकिनेछ।

९. **परिच्छेद ३ (४)** ग का लागि पूर्वखोला गाउँपालिकाले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि पोशाकमा एकरुपता ल्याउने गरी नयाँ पोशाक निर्धारण गरेकाले शै. वर्ष २०७६ मा एक पटकका लागि विद्यार्थी पोशाक अनुदान शीर्षकमा विद्यार्थी संख्याको आधारमा निम्न अनुसारको अनुदान रकम विद्यालयलाई एकमुष्ठ रुपमा उपलब्ध गराउने छ।

क. आधारभूत तह (बाल कक्षा देखि ५ सम्म) प्रतिविद्यार्थी रु ३००

ख. आधारभूत तह (कक्षा ६ देखि ८ सम्म) प्रतिविद्यार्थी रु ३५०

ग. मा.वि. तह(कक्षा ९ देखि १२ सम्म) प्रतिविद्यार्थी रु ४००

१०. **परिच्छेद ३ (४)** घ का लागि आवश्यकताका आधारमा शैक्षिक तथा खेलकूद सामग्री निर्माण तथा खरिद गर्नका लागि कलेज तथा विद्यालयलाई आर्थिक सहयोग अनुदान उपलब्ध गराउन सक्नेछ।

११. **परिच्छेद ३ (४)** ङ का लागि गाउँपालिका भित्र अध्ययनरत गरिव तथा जेहन्दार विद्यार्थीका लागि तोकिए बमोजिमका विद्यार्थीले प्राप्त गर्ने गरी प्रोत्साहन छात्रवृत्ति कलेज तथा विद्यालयलाई अनुदान स्वरुप एकमुष्ठ उपलब्ध गराउन सक्नेछ।

१२. **परिच्छेद ३ (४)** च का लागि पूर्वखोला गाउँपालिका सामुदायिक तथा संस्थागत विद्यालय समायोजन कार्यविधि २०७५ को परिच्छेद ६ दफा १७ को आधारमा रही सम्पत्ति मूल्याङ्कन समितिले तोके बमोजिम संस्थागत

विद्यालयका शेयर सदस्यहरुको जिन्सी एवम् भौतिक सामग्री भुक्तानीका लागि एकमुष्ठ सहयोग अनुदान उपलब्ध गराउने । सम्पत्ति मूल्याङ्कनका लागि जिल्ला स्तरिय जग्गाको न्यूनतम मूल्याङ्कन निर्धारण समितिले गरेका मूल्याङ्कन आधारमा एकमुष्ठ सहयोग अनुदान उपलब्ध गराउने ।

१३. **परिच्छेद ३ (४)** छ का लागि अतिरिक्त कार्यक्रम संचालन गरे वापत सम्बन्धित विद्यालयलाई खर्चको आधारमा अनुदान सहयोग उपलब्ध गराउन सक्नेछ ।

१४. **परिच्छेद ३ (४)** ज का लागि विद्यालयलाई विद्यालय संचालनका लागि जग्गा खरिद गर्नुपर्ने आवश्यकता देखिएमा गाउँपालिकाबाट त्यसको औचित्य र आवश्यकता पुष्टि भएमा जग्गा खरिदका लागि एकमुष्ठ सहयोग अनुदान उपलब्ध गर्न सक्ने छ ।

१५. **गाउँपालिकाले देहाय बमोजिमका आधारमा कलेज तथा विद्यालयलाई दिने अनुदान वर्षै पिच्छे फरक फरक हुन सक्नेछ ।**

१. गाउँपालिकाको आन्तरिक आम्दानी

२. गाउँपालिकाको वार्षिक वजेटको आकार

३. गाउँपालिकाको योजनाको प्राथमिकिकरण

४. अनुदानको आवश्यकता, प्रभावकारीता र औचित्यता

१६. **परिच्छेद ३ (४)** ज का लागि शैक्षिक गुणस्तर बृद्धि, भौतिक निर्णाण तथा मर्मत, मानव श्रोत परिचालनका लागि दफा ४ को क देखि ज सम्म उल्लेखित बुँदा बाहेक आवश्यक अन्य शीर्षकमा सहयोग अनुदान रकम उपलब्ध गराउन सक्ने छ ।

## परिच्छेद ५

## शिक्षा शाखा, कलेज र विद्यालयको भूमिका

**१७. शिक्षा शाखाको भूमिका:**

क) तोकिएको आधार पुगेका विभिन्न अनुदान शीर्षक वमोजिम अनुदान प्राप्त गर्ने कलेज तथा विद्यालयहरुको एकिन गर्ने।

ख) अनुदान शीर्षक अनुसार अनुदान प्राप्त गर्ने कलेज तथा विद्यालयबाट आवश्यक कागजात प्राप्त भए पश्चात मात्र अनुदान प्रदान गर्ने।

ग) शिक्षक अनुदान प्राप्त गरेका कलेज तथा विद्यालयमा शिक्षक नियुक्ति गर्दा शिक्षा शाखा मार्फत प्रचलित ऐन नियम अनुसार गराउने।

घ) अनुदान सम्बन्धमा भए गरेका काम कारबाहीको विषयमा शिक्षा समितिमा जानकारी गराउने।विशेष परिस्थिति सृजना भै शिक्षण गर्न समस्या देखिएमा शिक्षा समितिबाट निर्णय गराई कार्यपालिकामा सिफारिस गर्ने र कार्यपालिकाले उपयुक्त ठहराए अनुदान दिन सक्ने छ।

ङ) आवश्यकता अनुसार अन्य कार्यहरु गर्ने, गराउने।

**१८. कलेजको भुमिका**

क) कलेजमा पढाई भई रहेका विषय संख्या र विद्यार्थीसंख्याको रेकर्ड राख्ने।

ख) प्रथम वर्ष, द्वितीय वर्ष, तृतीय वर्ष र चौथ वर्षमा ब्याचलर पढिरहेका विद्यार्थीहरुको मुल विषयकोअभिलेख राख्ने।

ग) पढाइहुने मूल विषयहरु तथा अन्य विषयका प्रध्यापकहरुको रेकर्ड राख्ने।

घ) प्रत्येक प्रध्यापक, शिक्षकतथा कर्मचारीहरुको हाजिरी अभिलेख राख्ने।

ङ) प्रत्येक प्रध्यापक तथा शिक्षकको दैनिक विषय र पिरीयडको कार्यतालिका तयार गर्ने।

च) कलेज सञ्चालक समितिले निर्धारिण गरेको प्रत्येक प्रध्यापकको तलव भत्ता एकिन गर्ने।

छ) प्रत्यक शिक्षकको दैनिक, मासिक र वार्षिक तलब भत्ता निर्धारण गर्ने।

ज) कलेजलाई गाउँपालिकाबाट प्राप्त हुने अनुदानको लागि माथि उल्लेखित विवरण पेश गरी माग गर्ने।

झ) गाउँपालिकाबाट प्राप्त हुने अनुदान विद्यार्थी संख्या, संचालित विषय, शिक्षक संख्या र कलेजको नियमितताको आधारमा मात्रै माग गर्न सकिनेछ। साथै प्राप्त हुने रकमबाट कार्यरत प्रध्यापक र कर्मचारीको वार्षिक तलब भत्ता अपुग भएमा क्याम्पस आफैले अपुग रकम व्यहोर्नु पर्नेछ।

ञ) कलेजमा नयाँ प्रध्यापक राख्ने तथा छोड्ने प्रध्यापकको विषयमा शिक्षा शाखामा जानकारी गराउनु पर्नेछ।

**१९. विद्यालयको भुमिका:**

क) आवश्यक कागजात पेश गरेर मात्र अनुदान माग गर्ने।

ख) शिक्षक अनुदान प्राप्त गरेका विद्यालयहरुले प्रचलित नियमावली अनुसार शिक्षक नियुक्ति गर्ने।

ग) यस कार्यविधि अनुसार छनौट भएका शिक्षकलाई विद्यालयमा हाजिर गराइ सोही अनुसारको सेवा सुविधा उपलब्ध गराउने।

घ) नियुक्त शिक्षकको विवरण र रिक्त शिक्षक अनुदान भएमा सोको जानकारी शिक्षा शाखामा गराउने।

ङ) विद्यालयहरुले विभिन्न शीर्षकमा प्राप्त अनुदान शीर्षक अनुसार कार्यसम्पादन गरी त्यसको खर्च पुस्टाई गर्ने प्रमाणित कागजातका साथ कार्यसम्पन्न प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नुपर्ने छ।

च) गाउँ कार्यपालिका र शिक्षा शाखाले दिएको निर्देशानुसार काम गर्ने।

## परिच्छेद–६

## विविध

२०. **कार्यविधिको व्याख्या गर्न सक्ने;** यस कार्यविधिमा उल्लेख भएका व्यवस्थाहरुले काम कारवाहीमा अस्पष्टता सिर्जना गरेमा कार्यविधिको मर्म प्रचलित नियमको प्रतिकुल नहुने गरी आवश्यक व्याख्या गर्ने अधिकार पूर्वखोला गाउँ कार्यपालिकामा निहित हुनेछ।

२१. **कार्यविधिमा उल्लेख** भएका विषयहरु यसै कार्यविधि अनुसार हुने छन् र यसमा उल्लेख नभएका विषयहरुको हकमा प्रचलित कानुन अनुसार हुनेछ।

२२. **कलेज तथा सामुदायिक विद्यालय** अनुदान सहयोग वितरणका क्रममा देखापर्न सक्ने बाधा अड्काउ फुकाउने, कार्यविधि संशोधन तथा खारेजी लगायतका सम्पूर्ण अधिकार पूर्वखोला गाउँ कार्यपालिकामा निहित हुनेछ।

२३. **यो शैक्षिक अनुदान** कार्यविधि लागु भए पस्चात यस अघि कार्यान्वयनमा रहेको सामुदायिक विद्यालय अनुदान सम्बन्धी कार्यविधि, २०७६ (संशोधन २०७८) स्वत खारेज हुनेछ।

## अनुसूची १

## विद्यालय अनुदान सहयोगको थप ब्याख्या

१. बालकक्षा २० विद्यार्थी बराबर १ शिक्षक तर संस्थागत विद्यालय समायोजन पछि अंग्रेजी ब्लक सन्चालन गरेका विद्यालयलाई न्यूनतम ३ बालकक्षा शिक्षक अनुदान दिने।

२. कक्षा १-५ मा न्यनतम ३ शिक्षक, ४६ विद्यार्थी बराबर ४ शिक्षक , ६२ विद्यार्थी बराबर ५ शिक्षकका दरले १५ विद्यार्थी बराबर १ अनुदान सहयोग थप्दै जाने।

३. कक्षा १-५ मात्र सन्चालन भएको ५ शिक्षक दरबन्दी भएको , संस्थागत विद्यालय समायोजन पछि छुट्टै ब्लक सन्चालन नगरेको विद्यालयलाई निजीस्रोत शिक्षक ब्यवस्थापन सहयोग उपलब्ध नगराउने।

४. बालकक्षा शिक्षक ब्यवस्थापन सहयोग अनुदान वापत प्रति महिना १ शिक्षक बराबर रु ७००० (अक्षरुपी *सात* हजार)का दरले हुन आउने रकम एकमुस्ठ अनुदान दिने।

५. कक्षा १-५ शिक्षक ब्यवस्थापन सहयोग अनुदान वापत प्रति महिना १ शिक्षक रु ९००० (अक्षरुपी नौ हजार )का दरले हुन आउने रकम एकमुस्ठ अनुदान दिने।

६. कक्षा ६-८ सन्चालन गरेको तर हालसम्म १ पनि शिक्षक दरबन्दी नभएको तथा शिक्षण सहयोग अनुदान प्राप्त नगरेको विद्यालयलाई एकमुस्ठ रु २,००,००० (अक्षरुपी रु दुई लाख) का दरले शिक्षक ब्यवस्थापन गर्न अनुदान दिने।

७. कक्षा ६-८ सन्चालन गरेको १ मात्र शिक्षक दरबन्दी भएकोतथा शिक्षण सहयोग अनुदान प्राप्त गरेको विद्यालयलाई शिक्षक ब्यवस्थापन सहयोग अनुदान वापत प्रति महिना १ शिक्षक बराबर रु १०००० (अक्षरुपी दश हजार)का दरले हुन आउने रकम एकमुस्ठ अनुदान दिने।

८. कक्षा ९-१० सन्चालन गरेको शिक्षक दरबन्दी नभएको वा १ मात्र शिक्षक दरबन्दी भएको विद्यालयलाई शिक्षक ब्यवस्थापन गर्न १ शिक्षक अनुदान दिने।

९. कक्षा ९-१० सन्चालन गरेको १ मात्र शिक्षक दरबन्दी भएको विद्यालयलाई शिक्षक ब्यवस्थापन सहयोग अनुदान वापत प्रति महिना १ शिक्षक बराबर रु ११००० (अक्षरूपी एघार हजार)का दरले हुन आउने रकम एकमुष्ट अनुदान दिने।

१०. कक्षा ११-१२ सन्चालन भएको तर कुनै पनि दरबन्दी नभएको माध्यामिक विद्यालयलाई शिक्षक व्यवस्थापन गर्न २ शिक्षक अनुदान दिने।

११. कक्षा ११-१२ सन्चालन भएको तर कुनै पनि दरबन्दी नभएको माध्यामिक विद्यालयलाई शिक्षक व्यवस्थापन गर्न प्रति महिना १ शिक्षक बराबर रु २१००० (अक्षरुपी एकाइस हजार) का दरले एकमुष्ट अनुदान दिने।

१२. कक्षा १-३ सन्चालित दरबन्दी विहिन विद्यालयलाई एकमुस्ट रु २००००० अक्षरेपी (रु दुई लाख) का दरले शिक्षक ब्यवस्थापन गर्न अनुदान दिने।

१३. बालकक्षा सन्वालन गरेका अंग्रेजी ब्लक लाई विद्यार्थी संख्याको आधारमा बालकक्षा प्रति विद्यार्थी रु ३०००(अक्षरुपी तीन हजार मात्र ) का दरले एकमुस्ट अनुदान दिने।

१४. सामुदायिक तथा संस्थागत विद्यालय समायोजन पश्चात् छुट्टै अंग्रेजी ब्लक संचालन गरेका विद्यालयलाई ब्लक पूर्वाधार व्यवस्थापन बापत एकमुस्ट अनुदान दिने।

१५. कक्षा ११-१२ मा अध्ययनरत विज्ञान विषय बाहेकका गरिब तथा जेहेन्दार छात्राहरुलाई छात्रा विद्यार्थी संख्याको आधारमा शिक्षा शाखाले निर्धारण गरेको विद्यालयगत विद्यार्थी संख्या र सोही अनुसार विद्यालय व्यवस्थापन समितिले सिफारिस गरेका विद्यार्थीहरुलाई वार्षिक रु ३००० (अक्षरुपी तीन हजार मात्र ) का दरले गाउँपालिका मार्फत छात्रवृत्ती उपलब्ध गराउने।

१६. सामुदायिक सिकाइ केन्द्र सहजकर्ता,विद्यालयमा कार्यरत कार्यालय सहयोगी तथा सहायकका(लेखा सहायक) लागि प्रोत्साहन स्वरुप मासिक रु ३००० (अक्षरुपी रु तीन हजार मात्र) र बाल कक्षा शिक्षकहरुको लागि संघीय शसर्तबाट प्राप्त रकममा स्थानीय तहले १५०००(अक्षरुपी पन्ध्र हजार)नबढ्ने गरी एकमुस्ट अनुदान उपलब्ध गराउने।

१७. पूर्वखोला गाउँपालिकाले कार्य सन्चालनको लागि काजमा राखेको शिक्षकको रिक्त स्थानमा शिक्षक पदपूर्ति गराउदा काजमा खटाईएको शिक्षकको तहको तृतिय श्रेणी बरावरको तलब भत्ता अनुदानको रुपमा उपलब्ध गराउने। यस पूर्वखोला गाउँपालिका अन्तरगतका विद्यालयमा कार्यरत स्थायी शिक्षक गम्भिर प्रकृतिको बिरामी, अशक्त वा अध्ययपन कार्य गर्न नसक्ने भइ काजमा खटाउदा दरबन्दी रहेको विद्यालयमा सम्बन्धित तह र विषयको तृतिय श्रेणी बराबरको शिक्षक व्यवस्थापनको लागि अनुदान उपलब्ध गराउने।

१८. गाउँपालिका निजी शिक्षकहरुको दरबन्दी मिलान हुदा विद्यार्थी संख्याको आधारमा दरबन्दी मिलान हेरफेर हुने भएकोले अर्को दरबन्दी मिलान नहुदा सम्मको लागि विगतमा विद्यालयलाई दिईदै आएको संख्यामा दरबन्दी उपलब्ध गराउने।

१९. यस पूर्वखोला गाउँपालिकामा अध्ययनरत अभिभावक विहिन (आमा बाबु नभएका टुहुरा) बालबालिकालाई अध्ययनरत विद्यालय, वडा कार्यालयबाट प्राप्त पत्र तथा सिफारिसको आधारमा गाउँपालिकाबाट अभिभावक विहिन बालबालिका शिक्षा कार्यक्रमबाट विनियोजित बजेटको परिधि भित्र रहि अध्ययनका लागि आवश्यक पर्ने रकम अनुदान वा छात्रवृत्ति/ड्रेस, झोला, कापी कलम सन्दर्भ सामाग्री लगायतका सामाग्री उपलब्ध गराउने।

## अनुसूची २

## कलेज अनुदानको दायरा

१. कलेजमा अध्यापन गर्ने प्राध्यापकहरूलाई कलेजमा निर्दिष्ट गरिएका बिषयहरू सुचारू रूपले सञ्चालन गर्नको लागि प्रत्येक शिक्षकलाई बढिमा ३ पिरियड दैनिक तथा प्रति पिरीयड रु २०० का दरले पालिकाले अनुदान रकम उपलब्ध गराउने।

२. कलेजमा सञ्चालन हुने विषय, विषय शिक्षक, पिरीयड, विद्यार्थी संख्या र नियमित कक्षा सञ्चालनको आधारमा मात्र अनुदना प्राप्त हुने।

३. कलेज खुलेको र कक्षा सञ्चालन भएको दिनको मात्र अनुदान रकम पालिकाले उपलब्ध गराउनेछ।

प्रमाणिकरण मितिः २०७८/०५/२८

आज्ञाले
**ज्ञानु प्रसाद पनेरू**
प्रमुख प्रशासकीय अधिकृत